मधुवन नगरपालिका

---

# मधुवन राजपत्र

---

खण्डः ९ संख्याः २ प्रमाणीकरण मितिः २०८२/०३/११

प्रकाशन मितिः २०८२/०३/११

---

भागः २

मधुवन नगरपालिका

---

## मधुवन नगरपालिका

## नगर कार्यापालिकाको कार्यालयको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मधुवन नगरपालिका नगर कार्यापालिकाले मिति २०८२।०३।०९ गते स्वीकृत गरी जारी गरिएको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### खाता जैविक मार्गमा वन्यजन्तुबाट जोखिम बस्तीका विद्यार्थीहरुको लागि विद्यालय बस सञ्चालन सम्बन्धी अक्षय कोष स्थापना गर्ने कार्यविधि, २०८२

## खाता जैविक मार्गमा वन्यजन्तुबाट जोखिम बस्तीका विद्यार्थीहरुको लागि विद्यालय बस सञ्चालन सम्बन्धी अक्षय कोष स्थापना गर्ने कार्यविधि, २०८२

**प्रस्तावनाः**

खाता जैविक मार्ग बर्दिया जिल्लाको मधुवन नगरपालिका वडा नं.१,२,३,४ र ५ को पूरै भू-भाग तथा ठाकुरबाबा नगरपालिकाको वडा नं. ३ र ५ को केहि भू-भाग समेटेर फैलिएको छ । दक्षिणतर्फ भारतको कतर्नियाघाट वाईल्डलाईफ सेङ्चुरी र उत्तरतर्फ नेपालको बर्दिया राष्ट्रिय निकुञ्जलाई जोड्ने खाता जैविक मार्गको क्षेत्रफल ८६.६२ वर्ग कि.मि. रहेको छ । खाता जैविक मार्ग जंगली हात्ती, गैंडा, बाघ र चितुवा जस्ता हिंस्रक वन्यजन्तु विचरण गर्ने क्षेत्र हो । बर्दिया जिल्ला मधुवन नगरपालिका वडा नं.१ मा रहेको पत्थरबोझी गाउँ तीनतिरबाट जंगलले र एकतिरबाट नदीले घेरिएको बस्ति हो । करिब १२५ घरधुरी रहेको यो गाउँमा करीब ७०० जनसंख्या रहेको छ । यो गाउँमा एउटा आधारभूत विद्यालय रहेको छ जहाँ सात कक्षा सम्म मात्र पढाई हुने गर्दछ। आधारभूत तह पछि यहाँका विद्यार्थीहरु अध्ययनको लागि करीब तीन कि.मि. जंगलको बाटो काटेर त्रिभुवन उच्च मा.वि. सूर्यपटुवा जानुपर्ने हुन्छ । यो जंगल हात्ती, गैंडा, बाघ र चितुवाको वासस्थान तथा ओहोर दोहोर गर्ने मुख्य नाका भएकोले बिगतमा विद्यालय जाने क्रममा जंगली हात्तीको आक्रमणमा परी विद्यार्थीको मृत्यु भएपछि यहाँका विद्यार्थीहरु त्रसित भएर पढाई छोड्न बाध्य भएका थिए । हिंस्रक वन्यजन्तुको डरले गर्दा यो बाटो प्रयोग गरी पैदल वा दुईपाँग्रे सवारी साधनबाट हिडडुल गर्नु निकै जोखिमपूर्ण भएकोले विद्यार्थीहरुलाई विद्यालय पठाउन नसकिने अवस्था सृजना हुन गएको हुँदा तराई भू-परिधि कार्यक्रम (TAL) को सहयोग एवं स्थानीय सरकार, डिभिजन वन कार्यालय बर्दिया र खाता सामुदायिक वन समन्वय समितिको सहकार्यमा विद्यार्थीहरुका लागि पत्थरबोझी देखि विद्यालय पुर्याउन र विद्यालयबाट गाउँसम्म ल्याउनको लागि बस सेवा सञ्चालन गरिंदै आएको छ । बस सञ्चालनका लागि स्थायी पूँजी नभएकोले बेला बखतमा बसको भाडा तिर्न नसकी जटिल समस्या पनि सिर्जना हुने गरेको छ । अतः स्थायी पूँजी सहितको कोष स्थापना गरी सो कोषबाट प्राप्त हुने ब्याज परिचालन गरेर विद्यार्थीका लागि बस सञ्चालन गर्नको लागि मधुवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, खाता सामुदायिक वन समन्वय समिति र तराई भू-परिधि कार्यक्रम (ताल) का प्रतिनिधिहरुको मिति २०८२/०१/०८ मा भएको समन्वय बैठकको निर्णय बमोजिम “खाता जैविक मार्गमा वन्यजन्तुबाट जोखिम बस्तीका विद्यार्थीहरुको लागि विद्यालय बस सञ्चालन सम्बन्धी अक्षय कोष स्थापना गर्ने कार्यविधि २०८२” तयार गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "खाता जैविक मार्गमा वन्यजन्तुबाट जोखिम बस्तीका विद्यार्थीहरुको लागि विद्यालय बस सञ्चालन सम्बन्धी अक्षय कोष स्थापना गर्ने कार्यविधि २०८२" हुनेछ ।

(२) यो कार्यविधि सञ्चालक समितिबाट निर्णय भई मधुवन नगरपालिकाबाट सहमति प्राप्त भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) " कार्यविधि" भन्नाले खाता जैविक मार्गमा वन्यजन्तुबाट जोखिम बस्तीका विद्यार्थीहरुको लागि विद्यालय बस सञ्चालन सम्बन्धी अक्षय कोष स्थापना गर्ने कार्यविधि २०८१" लाई सम्झनुपर्दछ ।

(ख) " स्थानीय तह" भन्नाले मधुवन नगरपालिकालाई सम्झनुपर्दछ ।

(ग) " समन्वय समिति" भन्नाले खाता सामुदायिक वन समन्वय समितिलाई सम्झनुपर्दछ ।

(घ) " नगर प्रमुख" भन्नाले मधुवन नगरपालिकाका नगर प्रमुखलाई सम्झनुपर्दछ ।

(ङ) " वडा अध्यक्ष" भन्नाले मधुवन नगरपालिकाका वडा अध्यक्षलाई सम्झनुपर्दछ ।

(च) "अध्यक्ष" भन्नाले खाता सामुदायिक वन समन्वय समितिका अध्यक्षलाई सम्झनुपर्दछ ।

(छ) "अक्षय कोष" भन्नाले ब्याज आर्जनका लागि खर्च नहुने गरी बैंकमा राखिने मूल धनलाई सम्झनुपर्दछ ।

(ज)"ब्याज" भन्नाले अक्षय कोषमा पैसा राखे बापत बैंकले उपलब्ध गराउने निश्चित रकमलाई सम्झनु पर्दछ ।

(झ) "सञ्चालक समिति" भन्नाले अक्षय कोष परिचालनका लागि यसै कार्यबिधिको दफा ८ बमोजिम गठन हुने समितिलाई सम्झनुपर्दछ ।

(ञ)"विद्यालय" भन्नाले श्री त्रिभुवन माध्यमिक विद्यालय, मधुवन नगरपालिका वडा नं.१ लाई सम्झनुपर्दछ ।

(६) "शिक्षक प्रतिनिधि" भन्नाले श्री त्रिभुवन माध्यमिक विद्यालयबाट लिखित पत्र सहित तोकिएका बहालवाला शिक्षकलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

## अक्षय कोष स्थापनाको उद्देश्य, आर्थिक स्रोत तथा सञ्चालन विधि

**३. उद्देश्यः** खाता जैविक मार्गमा वन्यजन्तुबाट जोखिम बस्तीका विद्यार्थीहरुको लागि विद्यालय बस सञ्चालन सम्बन्धी अक्षय कोष स्थापनाका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः

(क) विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई वन्यजन्तुको आक्रमणबाट सुरक्षित राख्नको लागि नियमित यातायातको साधनको रुपमा एउटा बस सञ्चालन गरी विद्यालयमा पुर्याउने र विद्यालयबाट गाउँसम्म ल्याउने सुबिधा उपलब्ध गराउने ।

(ख) वन्यजन्तुको जोखिमको कारणले पढनबाट बञ्चित विद्यार्थिलाई पढ्नको लागि सुरक्षित साथ विद्यालय जाने आउने सुबिधा उपलब्ध गराई पठन पाठनमा प्रोत्साहित गर्ने ।

(ग) बस सञ्चालनका लागि स्थानीय वासिन्दालाई आर्थिक भार नपर्ने गरी आर्थिक स्रोत जुटाउने ।

(घ) मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गरी मानव-वन्यजन्तु सहअस्तित्व कायम गर्ने ।

(ङ) संरक्षणमा स्थानीय समुदायको सहभागिता अभिबृद्धि गर्ने ।

**४. आर्थिक स्रोतः** खाता जैविक मार्गमा वन्यजन्तुबाट जोखिम बस्तीका विद्यार्थीहरुको लागि विद्यालय बस सञ्चालन सम्बन्धी अक्षय कोष स्थापना गर्न पहिलो चरणमा देहाय बमोजिम आर्थिक स्रोत परिचालन गरिने छः

(क) तराई भू-परिधि कार्यक्रम (ताल) ले खाता सामुदायिक वन समन्वय समिति मार्फत उपलब्ध गराउने रकम रु. ४३,९००००। (अक्षरुपी रकम रु.त्रिचालिस लाख नब्बे हजार मात्र)

(ख) मधुवन नगरपालिकाबाट उपलब्ध हुने रकम रु. ३,००,०००।(अक्षरुपी तीन लाख मात्र)

**५. अक्षय कोष स्थापनाः** नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको बैंकमा मुद्धति खाता खोली सोही खातामा रकम जम्मा गरेर अक्षय कोष स्थापना गरिनेछ । कोष स्थापना गर्नुपूर्व सञ्चालक समितिको बैठक बसी कुन बैंकमा खाता खोल्ने हो यकिन गरी निर्णय गरेर मात्र खाता खोल्नुपर्नेछ ।

<u>६. अक्षय कोष बृद्धि गर्न सकिनेः</u> पहिलो चरणमा रकम जम्मा गरी स्थापना गरिएको अक्षय कोषमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, बिभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ, सस्था वा निकायले खाता सामुदायिक वन समन्वय समिति मार्फत वा कुनै सरकारी वा गैर सरकारी सस्था मार्फत उपलब्ध हुने रकम थप गरी कोष बृद्धि गर्न सकिनेछ ।

<u>७. अक्षय कोषबाट आर्जित ब्याज खर्च गर्न सकिनेः</u> अक्षय कोषमा रहेको रकमबाट प्राप्त हुने ब्याजबाट देहाय बमोजिम बस सञ्चालनमा खर्च गरिनेछ ।

(क) अक्षय कोषबाट प्राप्त हुने ब्याज जम्मा गर्न छुट्टै खाता खोलिने छ ।

(ख) खातामा जम्मा भएको ब्याज रकम बसको भाडा, इन्धन, सवारी चालकको पारिश्रमिक आदिमा खर्च गर्न सकिनेछ ।

(ग) रकम खर्च गर्दा सञ्चालक समितिको बैठकको निर्णयबाट मात्र खर्च गर्नुपर्नेछ ।

(घ) अक्षय कोष बापतको मूल धन कुनै पनि काममा खर्च गर्न पाईने छैन ।तर सञ्चालक समितिले आफ्नै बस खरीद गरी सञ्चालन गर्न चाहेको अवस्थामा मधुवन नगरपालिका र तराई भू-परिधि कार्यक्रमको लिखित सहमति लिएर खर्च गर्नसक्नेछ ।

<u>८. अक्षय कोष सञ्चालक समितिः</u> अक्षय कोष सञ्चालक समितिमा देहाय बमोजिम पदाधिकारीहरु रहनेछनः

(क) संयोजकः अध्यक्ष खाता सामुदायिक वन समन्वय समिति- १।

(ख) मधुवन नगरपालिका वडा नं.१ का वडा अध्यक्ष-१।

(ग) विद्यालय व्यवस्थापन समिति अध्यक्ष -१।

(घ) पत्थरबोझी गाउँका बडघर-१।

(ङ) मधुवन नगरपालिकाबाट तोकिएका विद्यलय व्यवस्थापन समितिका महिला सदस्य-१।

(च) गणेशपुर शिशिनिया सामुदायिक वन समूहका कार्यसमिति पदाधिकारी महिला एक जना-१।

(छ) सदस्य सचिवः त्रिभुवन मा.वि.का प्रधानध्यापक।

<u>९. सञ्चालक समिति स्थानीय तहप्रति जवाफदेहि हुनेः</u> अक्षय कोष सञ्चालक समिति मधुवन नगरपालिका प्रति उत्तरदायि हुनेछ ।

## परिच्छेद-३

## आर्थिक कारोबार सञ्चालन, अनुगमन र मूल्याङ्कन

**१०. आर्थिक कारोबार सञ्चालनः** अक्षय कोष खाता तथा कोषबाट आर्जित ब्याज जम्मा हुने खाताबाट आर्थिक कारोबार गर्न खाता सामुदायिक वन समन्वय समितिका अध्यक्ष, मधुवन नगरपालिका वडा नं.१ का वडा अध्यक्ष र श्री त्रिभुवन मा.वि.का प्रधानाध्यापक संयुक्त दस्तखतमा खाता सञ्चालन गर्नुपर्नेछ ।र आय व्यय सम्बन्धिको सम्पूर्ण आर्थिक कारोबारको अभिलेख श्री त्रिभुवन मा.बि. मा रहनेछ ।

**११. सबै भन्दा कम अङ्कवाला गाडी भाडामा लिनुपर्नेः** विद्यार्थीलाई विद्यालय लैजान र ल्याउनको लागि बस भाडामा लिंदा कम्तिमा तीन वटा बस मालिक वा कम्पनी बीच घटाघट गराई सबै भन्दा कम भाडा सकार गर्ने ब्यक्ति वा कम्पनीसंग सर्तहरु तोकेर लिखित सम्झौता गरी बस भाडामा लिनुपर्दछ ।

**१२. आय ब्यय बिवरण पेश गर्नुपर्नेः** सञ्चालक समितिले बार्षिक आय ब्यय बिवरण तयार गरी मधुवन नगरपालिका, खाता सामुदायिक वन समन्वय समिति र तराई भू-परिधि कार्यक्रममा पठाउनु पर्नेछ ।

## परिच्छेद-४

## विविध

**१३. लेखा परिक्षण गराउनुपर्नेः** कोषको सम्पूर्ण आय ब्ययको लेखा परिक्षण गराउने जिम्मेवारी सञ्चालक समितिको हुनेछ ।

**१४. सरकारी बाँकी सरह अशुल उपर हुनेः** कोषको कुनै पनि रकम कुनै पनि तरिकाबाट हानी नोक्सानी गर्नु हुँदैन । हानी नोक्सानी भएको ठहर भएमा हर्जाना सहित सरकारी बाँकी सरह अशुल उपर हुनेछ ।

**१५. स्थानीय सरकारको हुनेः** कुनै पनि कारणबाट अक्षय कोष सञ्चालन हुन नसकेमा सो कोषमा खाता समन्वय समितिबाट आएको कोष खाता समन्वय समितिमा फिर्ता हुनेछ र तराई भू-परिधि कार्यक्रमसंग लिखित सहमति लिई उपयुक्त निर्णय लिन सक्नेछ साथै स्थानिय सरकार वा अन्य सहयोगी दात्री निकायबाट आएको कोष रकम स्वतः स्थानीय सरकारमा जानेछ ।

**१६. सञ्चालक समितिको कार्यकालः** सञ्चालक समितिको सदस्यहरुको पदपूर्ति सस्थागत पुनःसंरचनाका आधारमा स्वतः निरन्तर रुपमा भईरहने छ।

<u>**१७. कार्यविधि संशोधनः**</u> खाता जैविक मार्गमा वन्यजन्तुबाट जोखिम बस्तीका विद्यार्थीहरुको लागि विद्यालय बस सञ्चालन सम्बन्धी अक्षय कोष स्थापना गर्ने कार्यविधि २०८२ संशोधन गर्नुपरेमा मधुवन नगरपालिकाको सहमति लिएर सञ्चालक समितिले संशोधन गर्न सक्नेछ ।

**आज्ञाले,**

**भेषराज खनाल**

**प्रमुख प्रशासकीय अधिकृत**